प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# बागमती प्रदेश कार्यालय

हेटौंडा, मकवानपुर

## डिप्लोमा/प्रमाणपत्र तहको वर्गीकृत (नि:शुल्क) छात्रवृत्तिमा बैकल्पिक उमेद्धवारको नतिजा प्रकाशन सम्बन्धी अत्यन्त जरुरी सूचना ।

**प्रकाशित मिति: २०८१/०७/२९**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरको मिति २०८१/०३/१५ गते प्रकाशित सूचना अनुसार मिति २०८१/०४/१२ गते संचालित डिप्लोमा/प्रमाणपत्र तहको वर्गीकृत (नि:शुल्क) छात्रवृत्ति छनौटका लागि तोकिएको मिति र समयभित्र Online फाराम भरेका योग्य आवेदकहरु मध्येबाट डिप्लोमा/प्रमाणपत्र तहको प्रवेश परीक्षा संचालन, छात्रवृत्ति बिबरण तथा भर्ना सम्बन्धी निर्देशिका, २०८१(दोस्रो संशोधन) अनुसार डिप्लोमा/प्रमाणपत्र तहका विभिन्न कार्यक्रमहरुको यस कार्यालयबाट मिति २०८१/०४/२७ गते प्रकाशित नतिजामा सिफारिस गरिएको शैक्षिक संस्थामा तोकिएको समयमा र पुन: विभिन्न मितिमा प्रकाशित बैकल्पिक नतिजाको सिफारिसमा तोकिएको मिति र समय भित्र भर्ना हुन नआई रिक्त कोटाहरुमा प्रदेश कार्यालयबाट प्रकाशित सूचना अनुसार बैकल्पिक सूचीमा रहेका उम्मेदवारहरुको प्राप्त आवेदकहरुको निवेदनको योग्यताक्रमका आधारमा रिक्त कोटाहरुमा बैकल्पिक सुचिमा रहेका तपसिल बमोजिमका योग्यताक्रम अनुसारका परीक्षार्थीहरु सिफारिस गरिएको व्यहोरा सूचित गरिन्छ । वर्गीकृत (नि:शुल्क) छात्रवृत्तिमा सिफारिस भएका परिक्षार्थीहरुले तोकिएको शिक्षण संस्थामा मिति २०८१/०८/०२ गते कार्यालय समयभित्र आफ्नो शैक्षिक योग्यता, नागरिकता, वर्गीकृत छात्रवृत्तिको जुन समुहमा छनौट भएको हो सो को सक्कल प्रमाणपत्र र Online छात्रवृति छनौट आबेदन फाराम भर्दा प्राप्त भएको प्रवेश पत्र सहित भर्ना हुन जानका लागि सूचित गरिन्छ । सम्बन्धित शिक्षण संस्थाहरुले समेत यसै सूचनालाई आधार मानी उल्लेखित सूचना तथा निर्देशिका बमोजिम परीक्षार्थीहरु भर्ना गर्न/गराउन हुन अनुरोध छ ।

निर्देशक